# बाँसगढी नगरपालिका वडा नं.१




## ऐतिहासिक पृष्ठभुमि

कोहलपुर देखि ३२ कि.मि उत्तर र सुर्खेत देखि ४८ कि.मि दक्षिणमा रहेको यस बाँसगढी नगरपालिका वाड नं. १ पुर्वमा सल्यानको कालिमाटि गाउँपालिका, पश्चिममा रत्नराजमार्ग संग जोडिएको बर्दिया राष्ट्रिय निकुञ्ज, उत्तरमा हर्रे डाडा र दक्षिणमा बाँके राष्ट्रिय निकुञ्जको देउराली डाडा यसको सिमाना रहेको छ । दाङ्गबाट आउने बबई नदिको किनारमा रहेको यस ठाउ पर्यटकिय क्षेत्रको रुपमा रहेको छ । चारैतिर डाँडा रहेको यो बबई उपत्यका चेपाङ्ग भनेर चिनिन्छ । यहाको मुख्य पेसा कृषि, पशुपालन र व्यापार व्यवसाय नै हो । यहाँ जम्मा ५०२ घर धुरि, १२५२ मतदाता र ३ हजार जति जनसंख्या रहेको यस ठाउका मानिस आजसम्म पनि भुमि स्वमित्व विहिन छन । यो वडा नै पुर्ण जङगलाद ऐलानी रहेको छ ।

२०२४ सालको पञ्चायती व्यवस्थाको समयमा शाहि बर्दिया राष्ट्रिय निकुञ्ज घोषणा हुनु अगावै यो रत्नराजमार्गको तलतिरको बस्ति र माथितिरको बस्तिलाई सानो श्री गाउँ पञ्चायतको नामले चिनिन्थ्यो । त्यतिखेरको सरकारले रत्नराजमार्गको तलतिरको बस्तिलाई व्यवस्थापन गरी सो स्थानलाई निकुञ्ज स्थापित गर्नको निमित्त त्यस बस्तिका बासिन्दाहरुलाई १५ महिनासम्म अर्को ठाउँमा स्थानान्तर नहुन्जेलसम्म रासन पानीको समेत व्यवस्था गरेको थियो । १५ महिनाको अवधि पश्चात २०३२ सालमा रत्नराजमार्गको तलतिरको सानो श्री गाउँ पञ्चायतको नामले परिचित बस्तिलाई हालको ताराताल नामले प्रख्यात अर्थात हालको मधुवन नगरपालिका भन्ने ठाउँमा बस्ति ब्यबस्थापन गरिएको थियो । त्यस पछि बस्ति उठाएर उक्त ठाउमा शाहि बर्दिया राष्ट्रिय निकुञ्ज स्थापना गरियो । रत्नराजमार्गको माथितिरको बचेको सानो श्री पञ्चायतको केहि बस्तिलाई २०४२/२०४३ सालमा वेलवा पञ्चायतको वडा नं. ०७ को (ख) मा गाभिएको थियो । रत्न राजमार्गको तलतिरको बस्ति व्यवस्थापन हुँदाखेरी त्यतीखेरको श्री लक्ष्मी प्रा.वि लाई छुटेको रत्न राजमार्गको माथितिरको बस्तिमा स्थापित गरिएको थियो । त्यस पछि २०४६ सालको ऐतिहासिक जनआन्दोलन पश्चात प्राप्त बहुदलिय व्यवस्थापछि वेलवा गाउँ पञ्चायतलाई परिमार्जित गरी वेलवा गा.वि.स. नामांकन गरियो । त्यस पछि यो ठाउ वेलवा गा.बि.स को वडा नं. ०७ ख को रुपमा स्थापित गरिएको थियो । धेरै लामो समयसम्म भेरिगंगा नगरपालिका पर्ने गेरुवानिको श्री जनता प्रा.वि. पनि बर्दिया जिल्ला शिक्षा कार्यालय मार्फत चलेको थियो । २०५४ सालमा यस बस्तिमा मध्यवर्तिक्षेत्रको पनि घोषणा भयो । ०६२/०६३ को जनआन्दोलन पश्चात २०६४ सालमा पछि २०७० साल तिर बाँसगढी नगरपालिका घोषणा भयो त्यस पछि पनि यो ठाउ बाँसगढी नगरपालिकाको वाड १ को आधा भाग हुन पुग्यो र पछि संघियताको कार्यान्वयन सगै यो १ नं. वडा अलग्गै हुन पुग्यो ।

# भौगोलिक अवस्था

यस वडा साविकको वेलवा गा.वि.स.वडा नं.७ को आधा भागबाट बनेको हो । यस वडा कार्यालय अक्षांश २७५८' २७" र ८२ ३४'०६" देशान्तर र समुन्द्री सतहदेखि ६७२ मि. उचाइमा रहेको छ । वडाको चारैतिर पहाडले घेरिएको छ । यस वडाको छेवैमा बबई नदि रहेको छ । यस वडाको प्रमुख बजार चेपाङ्ग बजार हो । यस वडासंग बर्दिया राष्ट्रिय निकुञ्ज तथा बाँके राष्ट्रिय निकुञ्ज जोडिएको छ । जैविक विविधता तथा पर्यटकीय सम्भावना रहेको यो वडा प्राकृतिक सुन्दरताले भरिपूर्ण रहेको छ । यहाँको मुख्य बाली धान, गहुँ, मकै हो तथा यहाँ फलफुल र तरकारी राम्रो हुने गर्छ । यस कार्यालयको स्थापना २०७४ श्रावणमा भएको हो भने आफ्नै कार्यालयमा भवन निर्माण वि.स.२०७६/०१/२५ गते भएको हो । यस वडाको निर्वाचित वडा अध्यक्ष जयराज पाण्डे हुनुहुन्छ । यस वडा बाँसगढी नगरपालिकादेखि लगभग ५५ कि.मी. टाढा रहेको छ । बाँकेको कोहलपुर देखि ३२ कि.मी.उत्तर सुर्खेतदेखि ४८ कि.मी.दक्षिण र सल्यानको काप्रेचौर र पुर्वमा बर्दिया राष्ट्रिय निकुञ्ज रहेको छ । यस क्षेत्रमा चुरे पहाड पर्ने भएकाले जमिन पहाड कमजोर भई पहिरो जाने गर्छ ।

बाँसगढी नगरपालिका वडा नं.१ को वडा कार्यालय भवन



## ठुला गाउँहरु

- चेपाङ्ग,
- बाटुल्ले,
- कुरुल्ले,
- भंगाहा,
- खोटे

## बसोबास रहेको जातजाती

- बाहुन,
- दलित,
- क्षेत्री,
- मगर,
- गुरुङ्ग,
- ठकुरी,
- नेवार

## वडामा प्रचलित भाषाहरु

- नेपाली

## यस वडा कार्यालय अन्तर्गत रहेका सरकारी कार्यालयहरु

- अस्थायी प्रहरी पोष्ट,चेपाङ्ग
- सडक विभाग साइट अफिस
- चेपाङ्ग सामुदायिक स्वास्थ्य एकाई, १ नं.वडा कार्यालय
- जल तथा मौसम विज्ञान मापन केन्द्र चेपाङ्ग

## यस वडा अन्तर्गत रहेका विद्यालय

- श्री लक्ष्मी माध्यामिक विद्यालय, चेपाङ्ग
- श्री जनता प्रा.वि.कुरुल्ले
- श्री मुलपानी प्रा.वि.खोटे
- श्री भंगाह सामुदायिक बाल विकास केन्द्र
- श्री चेपाङ्ग सामुदायिक अध्ययन केन्द्र

## यस वडा अन्तर्गत रहेका निजी विधालय

- श्री के.आर.पी मेमोरियल एकेडेमी ,बाँसगढी १ बर्दिया

## यस वडा अन्तर्गतका बनहरु

- सरस्वती वन उपभोक्ता समुह
- सृजना वन उपभोक्ता समुह
- भिमबाटिका वन उपभोक्ता समुह
- गंगामाला वन उपभोक्ता समुह
- चेपाङ्ग उपभोक्ता समिति

## गैर सरकारी संघसंस्था

- खानेपानी तथा सरसफाइ समिति
- बबई जनचेतना युवा क्लब

## बैंक तथा बित्तिय संस्था

- नेपाल इन्भेष्टमेण्ट बैंक
- एभरेष्ट बैंक

## सहकारी संस्थाहरु कृषि समुह हरु

- जन एकता कृषक बहुउदेश्यीय सहकारी संस्था
- जलुकेनि कृषक समुह
- न्यौपाने कृषि फर्म
- ओखलढुङ्गा कृषक समुह
- नमुना कृषक समुह
- हरियाली कृषक समुह
- सफल आमा समुह

## पर्यटकीय स्थलको रुपमा सम्भावना रहेका क्षेत्र

- बबई भ्याली
- बबई नदी

- खोटे बस्ती
- चेपाङ्ग होमस्टे
- दोन्द्रेखोला पिकनिक पार्क
- गंगामाला देउती मन्दिर
- भिम वाटिका कालिका मन्दिर

## यस वडा अन्तर्गत रहेका तालतलैयाहरु

- बबई नदी
- खोटे खोला
- दोन्द्रे खोला
- सवाङ्ग खोला
- चिसी खोला

## यस वडा अन्तर्गत रहेका बाटाहरु

- चेपाङ्ग भंगाहा बाटो
- बाटुल्ले चेपाङ्ग गोरेटो बाटो
- चेपाङ्ग रिङ्ग रोड
- चेपाङ्ग तल्लो बाटो
- वलि टोल जाने बाटो
- सवाङ्ग खोला पुलदेखि दोन्द्रेजाने बाटो
- वडा कार्यालय जाने बाटो

*मिति २०७४।०२।१४ गते सम्पन्न भएको स्थानीय निर्वाचनमा यस वडा कार्यालयमा देहायका जनप्रतिनिधीहरु निर्वाचित हुनु भएको थियो ।*

- **वडा अध्यक्षः श्री जय राज पाण्डे (९८५८०८५६४३)**



- **कार्यपालिका सदस्यः श्री अमृता देवी बुढा (९८४८२११०००)**



- **कार्यपालिका सदस्यः श्री दलवीर सुनार (९८६८९३२२४०)**



- **वडा सदस्यः श्री गोपाल जैसी (९८१२४३०६०३)**



- **वडा सदस्यः श्री टेक बहादुर बुढा (९८६९९५७१०५)**



- **वडा सदस्यः श्री निशा वि.क.(९८१२४३०६०३)**



गंगामाला देउती बज्यै मन्दिर

भिमबाटिका कालिका मन्दिर





बबई भ्याली

बबई पुल





बबई नदी

चेपाङ्ग गाउँ





## बाँसगढी नगरपालिका वडा नं १ अर्न्तगतका केहि सुन्दर दृश्यहरु















